प्रधानमन्त्री

काठमाडौं, नेपाल

## सन्देश

“असमानता हटाऔं एड्स अन्त्य गरौं” (“End Inéqualities. End AIDS”) भन्ने मूल नाराका साथ मनाउन लागिएको विश्व एड्स दिवसका अवसरमा यस रोगका कारण ज्यान गुमाउनु भएका दिदिबहिनी तथा दाजुभाइहरुमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। एन्टीरेट्रो भाईरल औषधी सेवन गरिरहनु भएका एचआईभी संक्रमितहरुलाई पनि नियमितरुपमा औषधी सेवन गरी स्वस्थ्य जीवनयापनको कामना गर्दछु। भविष्यमा यस महामारीबाट कसैको पनि अकालमा मृत्यु नहोस् भन्ने कामना गर्दछु।

विश्वमा एचआईभी एड्स पत्ता लागेको ४० वर्ष पुगिसकेको छ, आजका दिनसम्म आईपुग्दा एचआईभी दीर्घ व्यवस्थापन गर्न सकिने अवस्थाको संक्रमण हो। नियमितरुपमा एन्टीरेट्रो भाईरल औषधी सेवन गरेमा एचआईभी संक्रमित व्यक्तिले स्वस्थ्य जीवनयापन तथा एचआईभीको नयाँ संक्रमण घट्दै गइरहेको छ भने हेरचाह र सहयोग लगायत एन्टीरेट्रो भाईरल औषधी उपचारमा समेत पहुँच बढ्दै गएर एड्सको कारणबाट हुने मृत्युमा पनि उल्लेखनीय कमी आएको छ।

नेपाल सरकारले एचआईभी संक्रमितहरुलाई तोकिएका स्वास्थ्य संस्थाहरुबाट निःशुल्क एन्टीरेट्रोभाईरल उपचार प्रदान गर्दै आईरहेको छ। दिगो विकास लक्ष्य अन्तरर्गत नेपालले सन् २०३० सम्म एड्स महामारी अन्त्य गर्ने लक्ष्यका साथ एचआईभीको रोकथाम, उपचार, हेरचाह र सहयोगका विभिन्न कार्यक्रमहरु संचालन भईरहेका छन्।

एचआईभी सम्वन्धिका कार्यक्रमहरुलाई थप प्रभावकारी गराउन र हाल गरिरहेका कार्यक्रमहरुलाई सुदृढीकरण गर्दै एचआईभी एड्स महामारीको अन्त्यका लागि प्रभावकारी भूमिका निर्वाह गरिरहेका स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र साथै अन्य सरकारी, गैरसरकारी, निजी संघ संस्थाहरु, संचार माध्यम, नागरिक समाज, समुदाय, घर परिवार तथा एचआईभी संक्रमितहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

जय नेपाल।

१५ मङ्सिर, २०७८

शेरबहादुर देउवा